आज मिति २०७८ साल असार ३१ गते बिहीबारका दिन निजगढ नगरपालिकाको नगर सभाको आठौं अधिवेशनको दोश्रो बैठक यस नगरपालिकाको प्रमुख तथा नगर सभाका अध्यक्ष श्री सुरेश कुमार खनालज्यूको अध्यक्षतामा बस्यो। उक्त बैठकको उपस्थिति र निर्णय देहाय अनुसार रहेको छ।

उपस्थितिः

| | | |
|---|---|---|
| १. | प्रमुख | श्री सुरेशकुमार खनाल |
| २. | उपप्रमुख | श्री लिला देवी लामीछाने खनाल |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | श्री सुमन कुमार कार्की |
| ४. | वडा अध्यक्ष वडा नं. १ | श्री मंगले लोप्चन |
| ५. | वडा अध्यक्ष वडा नं. २ | श्री केशव प्रसाद उपाध्याय ढोडारी |
| ६. | वडा अध्यक्ष वडा नं. ३ | श्री जीत बहादुर तामाङ |
| ७. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम कुमार |
| ८. | वडा अध्यक्ष वडा नं. ५ | श्री थल प्रसाद गौतम |
| ९. | वडा अध्यक्ष वडा नं. ६ | श्री कुश बहादुर थापा |
| १०. | वडा अध्यक्ष वडा नं. ७ | श्री रामजीप्रसाद बजगाई |
| ११. | वडा अध्यक्ष वडा नं. ८ | श्री टेक बहादुर लामा |
| १२. | वडा अध्यक्ष वडा नं. ९ | श्री सुदर्शन प्रसाद बडाल |
| १३. | वडा अध्यक्ष वडा न १० | श्री पदम बहादुर मोक्तान |
| १४. | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम बहादुर रुम्बा |
| १५. | वडा अध्यक्ष वडा नं. १२ | श्री ज्ञान बहादुर गोले |
| १६. | वडा अध्यक्ष वडा नं. १३ | श्री सुर्य घलान |
| १७. | नगर कार्यपालिका सदस्य | श्री जगत कुमारी अधिकारी |
| १८. | नगर कार्यपालिका सदस्य | श्री निमोदेवी विश्वकर्मा |
| १९. | नगर कार्यपालिका सदस्य | श्री मिनमाया लामा |
| २०. | नगर कार्यपालिका सदस्य | श्री राधा कुमारी पुलामी मगर |
| २१. | नगर कार्यपालिका सदस्य | श्री क्षक्ष्मी गौतम |
| २२. | नगर कार्यपालिका सदस्य | श्री पदम बहादुर भुजेल |

| | | |
|---|---|---|
| २३. | नगर कार्यपालिका सदस्य | श्री पवन विश्वकर्मा |
| २४. | नगर कार्यपालिका सदस्य | श्री सरिता राई, दनुवार |
| २५. | नगर सभा सदस्य | श्री सोपिला गुरुङ |
| २६. | नगर सभा सदस्य | श्री दिल माया नेपाली |
| २७. | नगर सभा सदस्य | श्री मंजु कुमर कछडिया |
| २८. | नगर सभा सदस्य | श्री राधिका खड्का |
| २९. | नगर सभा सदस्य | श्री इन्द्र देवी थापा |
| ३०. | नगर सभा सदस्य | श्री मन माया विक |
| ३१. | नगर सभा सदस्य | श्री बखत बहादुर राई |
| ३२. | नगर सभा सदस्य | श्री मिन बहादुर दर्लामी मगर |
| ३३. | नगर सभा सदस्य | श्री कल्पना कुमारी तिमल्सिना |
| ३४. | नगर सभा सदस्य | श्री चनी विक |
| ३५. | नगर सभा सदस्य | श्री खड्ग बहादुर खुलाल |
| ३६. | नगर सभा सदस्य | श्री मिना देवी राउत कर्मी |
| ३७. | नगर सभा सदस्य | श्री लिला माया सुनार |
| ३८. | नगर सभा सदस्य | श्री कृति बहादुर भण्डारी |
| ३९. | नगर सभा सदस्य | श्री टेक बहादुर घिमीरे |
| ४०. | नगर सभा सदस्य | श्री सुर्य बहादुर अधिकारी |
| ४१. | नगर सभा सदस्य | श्री सुर्य बहादुर थापा मगर |
| ४२. | नगर सभा सदस्य | श्री मिथिला देवी घिमीरे |
| ४३. | नगर सभा सदस्य | श्री मिना सुनार |
| ४४. | नगर सभा सदस्य | श्री दल बहादुर वाइबा |
| ४५. | नगर सभा सदस्य | श्री राम प्रसाद हुमागाई |
| ४६. | नगर सभा सदस्य | श्री सुभद्रा विश्वकर्मा |
| ४७. | नगर सभा सदस्य | श्री राम बहादुर माझी |
| ४८. | नगर सभा सदस्य | श्री शान्ति माया तामाङ |
| ४९. | नगर सभा सदस्य | श्री मनमाया तामाङ |
| ५०. | नगर सभा सदस्य | श्री परमिला देवी सुनार |

| | | |
|---|---|---|
| ५१. | नगर सभा सदस्य | श्री प्रेम बहादुर घिमीरे खत्री |
| ५२. | नगर सभा सदस्य | श्री विदुर खड्का |
| ५३. | नगर सभा सदस्य | श्री पुन्यश्वरी श्रेष्ठ |
| ५४. | नगर सभा सदस्य | श्री इन्द्र कुमारी सुनार |
| ५५. | नगर सभा सदस्य | श्री जगत बहादुर न्यौपाने |
| ५६. | नगर सभा सदस्य | श्री सरीता रिमाल |
| ५७. | नगर सभा सदस्य | श्री मखनी कामी |
| ५८. | नगर सभा सदस्य | श्री अम्वीर सिंङतान |
| ५९. | नगर सभा सदस्य | श्री जमान सिंह घलान |
| ६०. | नगर सभा सदस्य | श्री कुन्ती देवी धामी |
| ६१. | नगर सभा सदस्य | श्री रिमा कुमारी विक |
| ६२. | नगर सभा सदस्य | श्री नर बहादुर थापा |
| ६३. | नगर सभा सदस्य | श्री उदय नारायण गुरो |
| ६४. | नगर सभा सदस्य | श्री विना माया स्याङतान |
| ६५. | नगर सभा सदस्य | श्री बुद्धीमाया विश्वकर्मा |
| ६६. | नगर सभा सदस्य | श्री चन्द्र बहादुर लामा |
| ६७. | नगर सभा सदस्य | श्री टेक बहादुर स्याङतान |
| ६८. | नगर सभा सदस्य | श्री फुलमाया तामाङ स्याङतान |
| ६९. | नगर सभा सदस्य | श्री धन कुमारी विश्वकर्मा |
| ७०. | नगर सभा सदस्य | श्री दीपक न्यौपाने |
| ७१. | नगर सभा सदस्य | श्री सुर्य बहादुर थोकर |

<u>सहयोगी कर्मचारीहरु:</u>

१. लेखा अधिकृत श्री शिव प्रसाद देवकोटा

२. अधिकृत छैठौं श्री रविन घिमिरे

३. सूचना प्रविधि अधिकृत श्री प्रमोद न्यौपाने

४. म.वि.नि. श्री मेनका खड्का

५. स.म.वि.नि. श्री रोजी श्रेष्ठ

६. आ.ले.प. सहायक श्री दिनेश श्रेष्ठ
७. क.अ. श्री रविन्द्र विक्रम सापकोटा
८. नगर प्रहरी हवल्दार श्री लक्ष्मण प्रसाद पराजुली
९. नगर प्रहरी श्री दिपेन्द्र चौधरी
१०. का.स. श्री आशिष अर्याल
११. का.स. श्री डम्बर बहादुर न्यौपाने

निजगढ नगरपालिका
नगर कार्यपालिका कार्यालय
निजगढ, बारा
२०७३

<u>निर्णयहरु:</u>

१. बैठकमा पेश हुन आएका देहायका प्रस्ताव/विधेयक उपर बैठकमा विस्तृतरुपमा दफावार छलफल भई पारीत गरियो:-

(क) निजगढ नगरपालिकाको विनियोजन विधेयक, २०७८

(ख) निजगढ नगरपालिकाको आगामी आ.ब. २०७८/०७९ को बार्षिक योजना तथा कार्यक्रम सहित राजस्व र व्यय (बजेट)।

२. लगानी मैत्री वातावरणको सिर्जना गर्दै निजगढ क्षेत्र भित्र पर्याप्त मात्रमा आन्तरिक तथा बाह्य लगानी प्रोत्साहित गर्ने एवं निजगढ नगरपालिकालाई नेपालकै नमूना सुविकसित एवं समृद्ध स्मार्ट सिटीको रुपमा विकास एवं रुपान्तरण गर्न आवश्यक रहेका उपयुक्त एवं प्रभावकारी अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति, कार्यक्रम, योजना, गुरु योजनाहरु तर्जुमा गरी क्रमश: कार्यान्वयन गर्दै लैजाने कार्यलाई निरन्तरता दिने निर्णय गरियो।

३. निजगढ नगरपालिकाबाट आगामी आ.ब. २०७८/०७९ मा संचालन हुने योजना तथा कार्यक्रमहरु अधिकतम जनसहभागिता जुटाई संचालन गर्नु पर्ने भएकोले कार्यान्वयन हुने योजना तथा कार्यक्रममा २० प्रतिशत नगद जनसहभागिता अनिवार्य गर्ने निर्णय गरियो। साथै, यस नगरपालिकाको आवश्यकता अनुसार बोलपत्रका माध्यमबाट कार्यान्वयन गर्ने गरी निर्णय भएका योजनाहरु कानून बमोजिम टेन्डर प्रतिस्पर्धाको माध्यमबाट कार्यान्वयन गर्ने निर्णय गरियो। तर, संघ, प्रदेश तथा स्थानीय तहको संयुक्त बजेटबाट संचालन हुने योजना तथा कार्यक्रमहरुको हकमा नगर कार्यापालिकाले उपभोक्ता समितिबाट संचालन गर्ने निर्णय गरेमा सोही बमोजिम कार्यान्वयन गर्न सकिने निर्णय समेत गरियो।

४. निजगढ नगरपालिका भित्र भौतिक पूर्वाधार विकासका योजनाहरु संचालन गर्दा दिगोपना, गुणस्तरीयता एवं वातावरण मैत्री जस्ता पक्षमा जोड दिई संचालन गर्ने नीतिलाई निरन्तरता दिने निर्णय गरियो।

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

सुरेश कुमार खनाल
नगर प्रमुख

५. निजगढ नगरपालिकाबाट सम्पादन हुने विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा सोको नियमित अनुगमन, मूल्यांकन, सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिंदै थप प्रभावकारी बनाउँदै लैजाने निर्णय गरियो ।

६. बाल मैत्री स्थानीय शासन (Child Friendly Local Governance) सम्बन्धी आवश्यक सम्पूर्ण सूचकहरु यथाशीध्र पूरा गरी निजगढ नगरपालिकालाई आगामी आ.ब. २०७८/०७९ भित्र बाल मैत्री नगरपालिका घोषणा गर्ने निर्णय गरियो । साथै, निजगढ नगरपालिकामा रहेका महिला, बालबालिका, जेष्ठ नागरिकहरु तथा अपांग नागरिकहरुको सशक्तिकरणका साथै नगर कार्यपालिकाको कार्यलयमा कार्यरत महिला कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

७. नगर सभाको अधिवेशन सामान्यतया: ६ महिनाको अन्तरालमा आव्हान हुने हुँदा निजगढ नरपालिकाको नगर सभाको अधिवेशन जारी नरहेको बखत संक्रामक रोग कोभिड-१९ का साथै विपद् व्यवस्थापन लगायत नगर सभाबाट निर्णय गर्नु पर्ने अत्यावश्यक देखिएको अन्य कार्यहरुका सम्बन्धमा तत्काल निर्णय गर्नु पर्ने अवस्था आइपरेमा नगर सभाबाट पछि अनुमोदन गराउने गरी निजगढ नगरपालिकाको नगर कार्यपालिकाको निर्णयबाट कार्य सम्पादन गर्न गराउन नगर कार्यपालिकालाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

८. निजगढ नगरपालिका क्षेत्र भित्र नदीजन्य पदार्थ तथा आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा निजगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट भए गरेका निर्णय र सो सम्बन्धमा भए गरेका काम कारवाही अनुमोदन गर्ने निर्णय गरियो । निजगढ नगरपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण सम्बन्धी ऐन, २०७७ तथा निजगढ नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) बमोजिम आगामी आ.ब. २०७८।०७९ का लागि यस नगरपालिकाको नदीजन्य पदार्थको उत्खनन् तथा निकासी कार्यका लागि बोलपत्र आव्हान गरी ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो। साथै, नदीजन्य पदार्थको उत्खनन् कर प्रति क्यू. फिट मू.अ. कर बाहेक रु. ४।५० र निकासी कर मू.अ. कर बाहेक रु. ३।५० कायम गरी बोलपत्र आव्हान गर्दा निजगढ

नगरपालिका क्षेत्रमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) बमोजिम उत्खनन् कार्य मिति २०७८ साल जेष्ठ मसान्त सम्म मात्र र निकासी कार्य मिति २०७९ भाद्र मसान्त सम्म गर्न सक्ने प्रावधान समावेश गर्ने निर्णय समेत गरियो ।

९. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १३(१) बमोजिम निजगढ नगरपालिका क्षेत्र भित्र निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट निर्धारण गरी लागू गर्ने निर्णय गरियो ।

१०. निजगढ नगरपालिकाको नगरकार्यपालिकाको देहायका मितिहरुको देहायका निर्णयहरु समर्थन गर्दै अनुमोदन गर्ने निर्णय गरियो ।

(क) बैठक संख्या: १०७, मिति २०७७।११।०५ गते, निर्णय नं. १३

(ख) बैठक संख्या: १०९, मिति २०७७।१२।१९ गते, निर्णय नं. १०

(ग) बैठक संख्या: ११०, मिति २०७७।१२।२८ गते, निर्णय नं. ६

११. यस नगरपालिकाको राजस्व संकलनमा प्रभावकारिता ल्याउँदै राजस्व रकम अभिवृद्धि गर्न Online Based Software System लागू गर्ने निर्णय गरियो । साथै, निजगढ नगरपालिकाको नक्सा प्रणालीमा सुधार गर्दै सरल, सहज एवं गुणस्तरीय बनाई अधिकतमरुपमा सेवाग्राही मैत्री प्रणाली अवलम्बन गर्नु पर्ने भएकोले आगामी आ.ब. २०७८/०७९ भित्र यस नगरपालिकामा Electronic Building Permit System (e-BPS) लागू गर्ने निर्णय समेत गरियो ।

१२. स्मार्ट सिटीको अवधारणा अनुरुप आगामी आ.ब. २०७८/०७९ भित्र निजगढ नगरपालिकामा जि.आई.एस. मा आधारित अत्याधुनिक मेट्रिक ठेगाना प्रणाली लागू गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

सुरेश कुमार खनाल
नगर प्रमुख

१३. यस नगरपालिकामा आइ पर्न सक्ने बाढी, डुबान, बाँध कटान लगायत अन्य प्राकृतिक विपद् समेत कोभिड-१९ को जोखिम न्यूनीकरणका लागि नगरपालिकासँग उपलब्ध सीमित श्रोत साधनको महत्तम प्रयोग गर्नुका साथै यस नगरपालिकाको प्रमुखको संयोजकत्वमा रहेको स्थानीय विपद् व्यवस्थापन समितिले निर्णय गरे बमोजिम विपद् पूर्व वा पश्चात् उद्दार तथा राहत कार्यको पूर्वतयारी वा व्यवस्थापनका लागि अत्यावश्यकीय खाद्य तथा राहत उद्दार सामाग्रीहरु तथा विभिन्न स्वास्थ्य सामाग्रीहरु आवश्यकतानुसार तत्कालै खरीद गर्ने वा उक्त सामानहरु नगर कार्यपालिकाको कार्यालयमा सुरक्षितरुपमा भण्डारण गरी राख्न सक्ने निर्णय गरियो । साथै, चालु आ.ब. २०७७/०७८ सम्मको हालसम्म यस नगरपालिका क्षेत्रमा न्यू भेरियन्ट सहितको संक्रामक कोभिड-१९ को रोकथाम तथा नियन्त्रण, स्वास्थ संस्थाहरुमा आवश्यक औषधि उपकरण, ल्याब सामाग्री, अक्सिजन व्यवस्थापन तथा अन्य स्वास्थ्य सामाग्रीहरुको आपूर्ति तथा विपद् व्यवस्थापनमा भए गरेका सम्पूर्ण खर्चहरुको अनुमोदन गर्दै समर्थन गर्ने निर्णय गरियो ।

१४. नगर कार्यपालिकाको कार्यालयले प्रदान गर्ने सेवा प्रवाह तथा विकासात्मक गतिविधिहरुमा सरलता, सहजता, गुणस्तरीयता कायम गर्दै स्वच्छता एवं पारदर्शीता प्रबर्द्धन गर्न यथाशीध्र आन्तरिक व्यवस्थापन तथा नियन्त्रण कार्यविधि तर्जुमा गरी आगामी आ.ब. २०७८/०७९ भित्र नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा कार्यान्वयन गर्ने निर्णय गरियो । साथै, यस नगर कार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु यथासंभव Online Based बनाउँदै लैजाने निर्णय गरियो ।

१५. आगामी आ.ब. २०७८/०७९ भित्र यस नगरपालिकाको सबै वडा कार्यालयहरुमा विद्युतीय हाजिरी प्रणाली जडान गर्नुका साथै नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयहरुमा सुरक्षा तथा पारदर्शिता प्रबर्द्धन गर्न आवश्यकतानुसार थप सिसीटिभी जडान एवं विस्तार गर्ने निर्णय गरियो ।

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

सुरेश कुमार खनाल
नगर प्रमुख

१६. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(२) बमोजिम यस नगरपालिकाको स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त सुविधा सम्बन्धी अन्य व्यवस्था सम्बन्धमा नगर सभाबाट कानून नबनी सकेको अवस्था हुँदा यस नगरपालिकाको स्थानीय सेवाको कर्मचारीहरुको हकमा साबिकको स्थानीय स्वायत्त शासन नियमावली, २०५६ मा नगरपालिकाको कर्मचारी सम्बन्धमा भए गरेका सम्बन्धित प्रासंगिक कानूनी प्रावधान तथा व्यवस्थाहरुलाई आधार लिई निर्णय गरिंदै आएकोमा सोलाई कानून नबने सम्मका लागि निरन्तरता दिने निर्णय गरियो ।

१७. कर्मचारीहरुलाई काम प्रति थप उत्प्रेरित गर्दै प्रतिफलमुखी बनाउन कार्यसम्पादन खराब भए बाहेकका नगर कार्यपालिकाको कार्यालय, निजगढ तथा मातहतका वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई मात्र निजहरुले पाउने शुरु तलब स्केलको २५ प्रतिशतले हुन आउने रकम प्रोत्साहन स्वरुप १३ महिनाको दरले गणना गरी मासिकरुपमा नियमित उपलब्ध गराउने तथा यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले कार्यालय समय बाहेकको समय वा सार्वजनिक बिदाको दिन कार्यालयको काम गर्नु परेमा वा निजले गठन गरेको समिति, कार्यदल, टोली वा निजले खटाएको कुनै कर्मचारीले उल्लेखित समय वा दिनमा कामकाज गरेमा त्यसरी काम गरेको प्रति दिन खाना/खाजा र यातायात खर्च वापत एकमुष्ठ जनही रु.१०००।– उपलब्ध गराउने निर्णय गरियो । साथै, यस नगरपालिकाको जनप्रतिनिधिहरुलाई समेत प्रदेश कानून बमोजिम तोकिएको सेवा सुविधा भुक्तानी गर्ने तथा सोलाई निरन्तरता दिने निर्णय गरियो ।

१८. यस नगरपालिकाको आ.ब. २०७७/०७८ को स्वीकृत बजेट, योजना तथा कार्यक्रम बमोजिम नगरपालिकाको विभिन्न वडाहरुमा संचालन भएका योजनाहरुको कार्यान्वयनका लागि हाल सम्मका उपभोक्ता समितिहरुको गठन कार्य तथा सो सँग सम्बन्धित सम्पूर्ण कामकारवाही एवं प्रक्रियाहरुलाई अनुमोदन गर्दै समर्थन गर्ने निर्णय गरियो । साथै, नदी नियन्त्रण, डिप बोरिङ लगायतका अत्यावश्यक कार्यहरुमा यस नगरपालिकाको नगर कार्यपालिकाबाट सम्बन्धित उपभोक्ता समितिबाट नगद सहभागिता नलिने गरी भएको निर्णय तथा सो निर्णयानुसार नगर

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

सुरेश कुमार खनाल
नगर प्रमुख

कार्यपालिकाको कार्यालय, निजगढबाट भएको योजना सम्झौता तथा सो सँग सम्बन्धित कार्यहरुलाई समेत अनुमोदन सहित समर्थन गर्ने निर्णय गरियो ।

१९. निजगढ नगरपालिकाको नगर कार्यपालिकाको निर्णयानुसार नगर कार्यपालिकाको कार्यालय, निजगढबाट आर्थिक सहायता सम्बन्धमा भए गरेको खर्च र भुक्तानीलाई समर्थन गर्दै अनुमोदन गर्ने निर्णय गरियो ।

२०. निजगढ नगरपालिकाद्वारा आ.ब. २०७७/०७८ मा संचालित र सम्पन्न भएका हालसम्मका योजनाहरुको समर्थन गर्दै अनुमोदन गर्ने निर्णय गरियो ।

२१. चालु आ.ब. २०७७/०७८ मा नगर कार्यपालिकाको कार्यालयबाट स्वीकृत भई संचालनमा रहेका योजना तथा कार्यक्रमहरुको हकमा बजेटको अभाव हुन गई भुक्तानी हुन बाँकी रकमहरु नगर कार्यपालिकाको कार्यालयद्वारा प्रमाणित भुक्तानी हुन बाँकीको कच्चावारीमा चढेको विवरण बमोजिम नगर सभाबाट स्वीकृत भएको यस नगरपालिकाको आगामी आ.ब. २०७८/०७९ को बजेटबाट यथाशीघ्र भुक्तानी दिने निर्णय गरियो ।

२२. निजगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयका लागि बार्षिकरुपमा प्रस्ताव गरिएको बार्षिक तलबी प्रतिवेदन, पारिश्रमिक, सुविधा समेत अनुसूचिमा उल्लेख भए अनुसार स्वीकृत गरियो । साथै, नेपाल सरकारबाट निजामती कर्मचारीको तलब भत्तामा परिवर्तन भएमा सोलाई आधार मानी यस नगरपालिकाको स्थानीय सेवा तथा अन्य सेवाका कर्मचारीहरुको सेवा सुविधामा परिवर्तन गर्न सक्ने अधिकार नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

२३. यस नगरपालिकाको स्वामित्व तथा संरक्षणमा रहेको सार्वजनिक मठ मन्दिर, गुम्बा, मस्जिद, पाटी, पौवा, प्राचीन स्मारक, ताल तलैया, पोखरी, पार्क, पर्ती जग्गा, सार्वजनिक जग्गा, खेलकूद

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

सुरेश कुमार खनाल
नगर प्रमुख

मैदान, देवालय तथा सार्वजनिक सम्पत्तिहरुको अभिलेखलाई अद्यावधिक गरी संरक्षण गर्ने निर्णय गरियो ।

२४. निजगढ नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु मध्ये कार्यालयको अत्यधिक कार्यबोझ भई कार्यालय समय बाहेकको अतिरिक्त समय र सार्वजनिक बिदाका दिनहरुमा समेत काम गर्नुपर्ने वा जोखिमयुक्त कार्य (Hazardous Duty) मा खटिने कर्मचारीहरुको हकमा निजहरुलाई काम प्रति थप उत्प्रेरित गर्दै प्रतिफलमुखी बनाउने र कार्यालयबाट प्रवाह हुने सेवा सुविधामा गुणस्तरीयता एवं प्रभावकारिता ल्याउन निजगढ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा निजद्वारा गठीत ३ सदस्यीय समितिले निर्धारण गरेको कार्य सम्पादन सूचकका आधारमा उक्त समितिबाट निर्णय भए बमोजिम तोकिएका कर्मचारीहरुलाई खाइपाइ आएको तलबको तोकिएको प्रतिशतले हुन आउने रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउन सकिने निर्णय गरियो ।

२५. निजगढ नगरपालिकाबाट निर्णय भए बमोजिम वा निजगढ नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट चालु आ.ब. २०७७/०७८ को विभिन्न मितिमा विभिन्न पदमा करारमा सेवा लिने गरी भएका निर्णयहरुका साथै करार म्याद थप गर्ने/नगर्ने सम्बन्धमा नगर कार्यपलिकाको कार्यालय, निजगढबाट भएका निर्णयहरु समर्थन गर्दै अनुमोदन गर्ने निर्णय गरियो ।

२६. यस नगरपालिकाका सवारी चालक श्री वीरभक्त लामाले हाल यस नगरपालिकाका नगरवासीहरुको सेवामा नगर कार्यपालिकाको कार्यालय, निजगढद्वारा संचालित नि:शुल्क एम्बुलेन्सको सेवाका लागि प्रयोग हुँदै आएको सो कार्यालयको सवारी साधन (बा.२झ १२५५) मा कार्यालय समय बाहेकको समयमा बिहान बेलुका नै खटिनुका साथै सोही कार्यालयको सवारी साधन (बा.२झ ४४५२) का सवारी चालक श्री रुद्र बहादुर चौलागाईं समेतले कार्यालयको काममा कार्यालय समय बाहेकको समयमा समेत बिहान बेलुका खटिनु पर्ने भएकोले त्यसरी काममा खटिनु पर्नेको हकमा आगामी आ.ब. २०७८/०७९ देखि लागू हुने गरी नगर

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

सुरेश कुमार
नगर प्रमुख

कार्यपालिकाको कार्यालयद्वारा निजहरुलाई खाना खाजा वापत प्रति दिन रु. २००।– का दरले मासिकरुपमा बढीमा रु. ६०००।– उपलब्ध गराउन सक्ने निर्णय गरियो। साथै, निजहरुले माथि निर्णय भए बमोजिम शुरु तलब स्केलको २५% ले हुन आउने रकम समेत मासिकरुपमा प्राप्त गर्ने नै हुँदा कार्यालयको काममा काठमाण्डौ उपत्यका सहित लामो दूरीको स्थानमा गई बास बसेको हकमा बाहेक निजहरुले सुविधा लिंदै आएको दैनिक भत्ता तथा भ्रमण भत्ता उपलब्ध नगराउने निर्णय गरियो।

२७. निजगढ नगरपालिकाको नगर कार्यपालिकाको बैठकद्वारा नगर सभाद्वारा चालु आ.ब. २०७७/०७८ का लागि स्वीकृत बजेट, योजना तथा कार्यक्रममा आवश्यक हेरफेर, थपघट, रकमान्तर गर्दै विभिन्न योजना संचालन गर्ने गरी हाल सम्म भए गरेका सम्पूर्ण निर्णयहरुलाई समर्थन गर्दै अनुमोदन गर्ने निर्णय गरियो। साथै. निजगढ नगरपालिकाको विभिन्न क्षेत्रमा नदी कटानमा परी जोखिममा परेका बस्ती, वन क्षेत्र, कृषियोग्य जग्गा जमीनका साथै भौतिक संरचनाहरुको जगेर्ना एवं संरक्षण गर्न हाल सम्म भएका बाँध निर्माण, संरक्षण एवं नदी नियन्त्रण कार्यहरु र सोका लागि हालसम्म भए गरेका सम्पूर्ण खर्चहरुको समर्थन गर्दै अनुमोदन गरियो र सम्बन्धित भुक्तानी दिन बाँकी रकम यथाशीघ्र भुक्तानी दिने निर्णय गरियो।

२८. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा प्रचलित कानून बमोजिम स्थानीय सरकारले गरेका निर्णयहरुको कार्यान्वयनका साथै स्थानीय तहको रुपमा सम्पादन गर्नु पर्ने अन्य कामकारवाहीहरुमा थप प्रभावकारिता ल्याउनु पर्ने सन्दर्भमा यस नगरपालिकामा हाल रहेको नगर प्रहरीको जनशक्ति अत्यन्त न्यून रहेकोले यस नगरपालिकाको क्षेत्रफल र जनसंख्यालाई दृष्टिगत गर्दै आगामी आ.ब. २०७८/०७९ भित्र बढीमा थप ५ जना नगर प्रहरीको सेवा करारमा लिने निर्णय गरियो।

२९. महालेखापरीक्षकको कार्यालयद्वारा निजगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आर्थिक बर्ष २०७६/०७७ को वित्तीय विवरण र सो सँग सम्बन्धित कागजातको अन्तिम लेखापरीक्षण सम्पन्न भएकोमा सो कार्यालयबाट प्राप्त हुन आएको अन्तिम लेखा परीक्षणको प्रतिवेदनमाथि व्यापकरुपमा दफावार छलफल भयो एवं सो प्रतिवेदनमा औंल्याएको नियमित

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

कुमार खनाल
नगर प्रमुख

गर्नु पर्ने सम्पूर्ण बेरुजु रकम नियमित गर्ने निर्णय गरियो । सो बाहेक असूल उपर गर्नु पर्ने बेरुजु रकमको हकमा प्रक्रिया अघि बढाई यथाशीघ्र फर्छयौट गर्ने निर्णय समेत गरियो । साथै, यस नगरपालिकामा कायम रहेको विभिन्न बेरुजु रकमहरुको अभिलेख लिई सोको फछ्र्यौटको सम्बन्धमा जो जे गर्नु पर्ने आवश्यक कारवाही अविलम्ब अघि बढाउन यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा देहायको बेरुजु फछ्र्यौट कारवाही समिति गठन गर्ने निर्णय गरियो ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य

(ग) प्रमुख, पूर्वाधार विकास तथा वा.व्य. शाखा- सदस्य

(घ) प्रमुख, राजस्व उपशाखा - सदस्य

(ङ) प्रमुख, प्रशासन शाखा - सदस्य सचिव

३०. नगर कार्यपालिकाको कार्यालय तथा मातहतका सबै कार्यालयहरुलाई यथासंभव जनमुखी र सेवाग्राहीमैत्री बनाउँदै सेवा प्रवाहलाई गुणस्तरीय, शीध्र एवं सरलीकृत गर्ने तथा प्रशासनिक खर्चहरुलाई सकेसम्म पारदर्शी एवं मितव्ययी बनाउँदै प्रभावकारीरुपमा प्रतिफलमुखी खर्च व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिने निर्णय गरियो । साथै, नगर कार्यपालिकाको कार्यालय, निजगढ तथा सो मातहतका कार्यालयहरुमा सुशासन तथा जवाफदेहिता प्रबर्द्धन गर्दै दण्डहीनता (Impunity) को अवस्थाको अन्त्य गर्न अत्यावश्यक रहेकोले तोकिएको अनुशासन तथा आचरण विपरीतका कार्य गर्ने गराउने वा कार्यालयले कानून बमोजिम दिएको आदेश/निर्देशनको बर्खिलाप हुने गरी कार्य गर्ने वा सोको लागि दुरुत्साहन गर्ने कर्मचारीहरुलाई यस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम कडा कारवाही गर्ने तथा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने Carrot & Stick (दण्ड तथा पुरस्कार) को नीति अवलम्बन गर्दै कार्यालयमा आदेशको श्रृंखला तथा एकात्मकता (Unity & Chain of Command) लाई प्रभावकारीरुपमा कायम गर्ने निर्णय समेत गरियो।

सुजन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

सुरेश कुमार खनाल
नगर प्रमुख

३१. यस नगरपालिकाको विभिन्न क्षेत्रमा स्थायी रुपमा बसोबास गर्दै आएका भूमिहीन तथा अव्यवस्थित घर परिवारहरुलाई नेपाल सरकारद्वारा भूमि समस्या समाधानका सम्बन्धमा भएका निर्णयहरु बमोजिम यस नगरपालिकामा भूमि समस्या समाधान सँग सम्बन्धित कार्यहरुलाई तोकिएको कार्यविधि एवं प्रक्रिया बमोजिम निरन्तरता दिँदै जारी राख्ने निर्णय समेत गरियो ।

३२. निजगढ नगरपालिका मातहत रहेको निजगढ प्राथमिक स्वास्थ्य केन्द्रलाई आवश्यक श्रोत साधन तथा जनशक्ति उपलब्ध गराई नमूना स्वास्थ्य संस्था (Centre of Excellence) को रुपमा विकास गर्ने निर्णय गरियो । साथै, यस नगरपालिकाको निर्वाचित जनप्रतिनिधहरुले प्राप्त गर्ने मासिक सुविधा वापत १ महिनाको हुन आउने रकमबाट ६ थान पेसेन्ट भाइटल्स डिस्प्ले मनिटर खरिद गरी उक्त केन्द्रलाई उपलब्ध गराइएकोमा बाँकी रकमबाट थप बजेट व्यवस्थापन गरी १ थान जेनेरेटर समेत खरीद गरी यथाशीध्र उपलब्ध गराउने निर्णय गरियो ।

३३. मानवीय कार्यहरुमा टेवा पुग्ने भएकोले यस नगरपालिकाको उपयुक्त स्थानमा मानव सेवा आश्रम निर्माणका लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

३४. सम्बन्धित सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यमा चुरे तथा पर्यावरण संरक्षण, पर्यटन विकास तथा ज्ञान केन्द्र निर्माणको अवधारणा बमोजिम निजगढ नगरपालिका क्षेत्रमा रहेको चुरे तथा सामुदायिक वन क्षेत्रको संरक्षण एवं सम्बर्द्धन गर्दै सो क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दाहरुको विकास, जीवन स्तरोन्नति तथा जीविकोपार्जनका लागि सहयोग पुग्ने विभिन्न कार्यक्रमहरु संचालन गर्न ठ पहल तथा प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

३२. नगर सभाको बैठकमा समापन मन्तव्य राख्दै **नगर सभाका अध्यक्ष एवं निजगढ नगरपालिकाको प्रमुख श्री सुरेश कुमार खनालज्यूले** सभामा उपस्थित सम्पूर्ण नगर सभाका सदस्यहरुलाई सक्रिय

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

सुरेश कुमार खनाल
नगर प्रमुख

तथा उत्साहजनक छलफल, सहभागिताका लागि हार्दिक धन्यवाद दिनुभयो । साथै, वहाँले निजगढ नगरपालिकामा क्रियाशील सम्पूर्ण राजनैतिक दलहरु, सरकारी तथा गैर सरकारी निकाय, संघसंस्था, नागरिक समाज, जेष्ठ नागरिकहरु, बुद्धिजीवी वर्ग, कर्मचारी वर्ग, सुरक्षा निकाय एवं सम्बद्ध सबैका साथै आदरणीय निजगढ नगरवासी दिदीबहिनी तथा दाजुभाईहरुले यस नगरपालिकाको विकास तथा परिवर्तनमा पुर्याउनु भएको निरन्तरको साथ, सहयोग, सहभागिता तथा समर्थनका लागि हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्नु हुँदै निजगढ नगरपालिकाको नगर सभाको जारी आठौं अधिवेशन मिति २०७८ साल असार ३१ गते बिहीबार अपरान्ह ५:०० बजेबाट अन्त्य भएको घोषणा गरी यस बैठकको समापन गर्नुभयो ।

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

सुरेश कुमार खनाल
नगर प्रमुख